६. बेरोजगारको तथ्यांक संकलन

७. स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान

८. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन

९. सम्पन्न भएका तथा चालू योजनाको विवरण

१०. बिषक्षेत्रगत सूचना , तथ्यांकको संकलन, अभिलेख

११. प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय

१२. सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यबस्थापन

१३. गाउँपालिकाका आवधिक तथा वार्षिक कार्यक्रम र बजेट स्वीकृति।७. सूचना प्रविधि तथा विद्युतीय सुशासन शाखा

(क) सूचना प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन उपशाखा

१. आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा , टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति , नवीकरण र नियमन

२. आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति , अभिलेख तथा नियमन

३. अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग

४. सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन

५. बैज्ञानिक अध्ययन , अनुसन्धान र प्रविधि विकासमा लगानी

६. सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन।

७. बारेकोट गाउँपालिकाको कार्यलयको सूचना प्रविधि नीतिको कार्यान्वयन गर्ने।

८. नेटवर्किङ इन्टरनेट वाइफाइको कनेक्टिभिटि सिसिटिभि आदिको व्यवस्थापन गर्ने।

९. वेभसाइट तथा इमेल व्यवस्थापन गर्ने।

१०. सन्चालित विभिन्न प्रणालि सन्चालनमा आइपर्ने समस्याहरुको समाधान गर्ने।

११. सूचना प्रविधि सम्बन्धी हार्डवेयर तथा सफ्टवयेर सपोर्ट गर्ने।

१२. सूचना प्रविधिसँग सम्बन्धीत तालिम संचालन गर्ने।

१३. सूचना प्रविधि उपकरण तथा प्रणालीको मर्मत सम्भार सम्बन्धी कार्य गर्ने।

१४. सूचना प्रविधि सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने।

१५. गाउँपालिकामाको सूचना तथा अभिलेख केन्द्रको व्यवस्थापनमा सहयोग गर्ने।

१६. सूचना प्रविधि तथा विधुतीय सुशासनको प्रयोगमा सहयोग गर्ने।

ख. सूचना तथा अभिलेख केन्द्र

१. सबै शाखा , उप शाखा र एकाइरकेन्द्र र वडा कार्यालयबाट प्रकाशित सूचना तथ्याङ्क तथा अभिलेखको सङ्कलन गर्ने,

२. सर्वसाधारणको लागि उपलब्ध गराउन सकिने सूचना तथ्याङ्क तथा अभिलेखको विवरण तयार गरी सोही अनुसार उपलब्ध सूचना तथ्याङ्क र अभिलेखको व्यवस्थापन गर्ने,

३. सूचना केन्द्रमा आवश्यक पर्ने टेलिफोन , इन्टरनेट, कम्प्युटर, फ्याक्स जस्ता सञ्चारका साधनको नियमित व्यवस्था गर्ने,

४. सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने।

